म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २८५ २०८१ भदौ २२ गते शनिबार 7 September 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-



तीजको दिन शुक्रबार हेटौंडा-४ स्थित भुवनेश्वर मन्दिरमा पुजा गर्न पुगेका श्रद्धालु ।

## राजस्व बढाउन बागमती सरकारले बनायो अध्ययन कार्यदल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले राजस्व आम्दानीको क्षेत्र बढाउने उद्देश्यले अध्ययन कार्यदल निर्माण गरेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आम्दानीको स्रोत वृद्धिका लागि अध्ययन कार्यदल निर्माण गरेको हो ।

मन्त्रालयको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रमबमोजिन अध्ययन कार्यदल निर्माण गरेको मन्त्रालयले जनाएको छ। आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले जिम्मेवारी सम्हालेलगत्तै प्रदेशको आयस्तर वृद्धिका विषयमा मन्त्रालयमा विभिन्न चरणमा छलफल गर्नुभएको थियो । विगतका वर्षहरुको समीक्षासहित आय क्षेत्र पहिचान तथा विस्तरका लागि मन्त्री काफ्लेले उक्त कार्यदल निर्माणमा जोड दिनुभएको थियो ।

प्रदेश सरकार केन्द्रको छायाँको रुपमा नभइ छुट्टै र बलियो संरचनाको रुपमा विकास गर्न आयस्रोत बढाउन जरुरी रहेको मन्त्री काफ्लेले बताउनुभयो। प्रदेश सरकारमाथि उठिरहेका प्रश्नहरुको विषयमा ठोस जवाफका लागि सो कार्य महत्वपूर्ण हुने उहाँले बताउनुभयो । नागरिकहरुलाई सेवा प्रवाह र विकासका माध्यमबाट प्रदेशको औचित्यका विषयमा जानकारी दिन जरुरी रहेकाले उक्त कदम अघि बढाइएको उहाँको भनाइ छ ।

हाल प्रदेश सरकार साझेदार संस्थाको रुपमा देखिएको र सो अवस्थाको खण्डन गरेर संविधानअनुसार प्रदेश सरकारको औचित्य पुष्ट गर्नुपर्ने उहाँको भनाइ छ । सोहीअनुसार कार्यदल निर्माण भइ काम प्रारम्भ गरिएको उहाँले बताउनुभयो।

मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीका अनुसार संविधानबमोजिम प्रदेश सरकार अस्तित्वमा आएको ७ आर्थिक वर्ष पूरा गर्ने चरणमा रहेको र यस अवधिमा सरकारको राजस्व स्रोतहरु संकलनको अवस्था, संकलनमा देखिएका समस्यालगायतका विषयमा मन्त्रालयबाट हालसम्म कुनै पनि अध्ययन भएको छैन । उक्त विषयहरु निक्यौंल गर्न र आगामी वर्षहरुमा सुधार गर्दै अघि बढ्न अध्ययन आवश्यक देखिएको उहाँले बताउनुभयो । प्रदेशमा राजस्वका नयाँ क्षेत्र पहिचान तथा विस्तारको अध्ययन र विश्लेषणका लागि मन्त्रालयले चालु आर्थिक वर्षका लागि ४ लाख ९० हजार रुपैयाँ बजेट विनियोजन गरेको उहाँको भनाइ छ ।

मन्त्रालयले निर्माण गरेको अध्ययन समितिको कार्यविवरण समेत निर्धारण गरिएको उहाँले बताउनुभयो। सो समितिले प्रदेशको राजस्व संकलन तथा नयाँ क्षेत्रको अवस्थाबारे अध्ययन तथा विश्लेषण गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने उहाँको भनाइ छ ।

### को को छन् राजस्व अध्ययन समितिमा ?

मन्त्रालयले बागमती प्रदेशको राजस्वसम्बन्धी अध्ययन समिति नामाकरण गरी गठन गरेको सो समितिको संयोजक सचिव मैनाली स्वयम् रहनुभएको छ । प्रदेशमा राजश्वका सम्भावित नयाँ स्रोतहरुको पहिचान तथा क्षेत्र अध्ययन र विश्लेषण कार्यक्रममार्फत् प्रदेशका १३ जिल्लामा नै राजस्वका विषयमा सो समितिले छलफल तथा अध्ययन गर्नेछ ।

समितिको सदस्यमा मन्त्रालयका बजेट योजना तथा कार्यक्रम महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख, राजस्व तथा वित्त व्यवस्थापन महाशाखा प्रमुख, आर्थिक विश्लेषण तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुख, कानुन तथा फैसला कार्यान्वयन शाखाका कानुन अधिकृत, आर्थिक विश्लेषण शाखाका प्रतिनिधि रहेका छन् ।

त्यस्तै, राजस्व क्षेत्रमा अनुभव भएका २ जना विज्ञलाई मन्त्रालयले सदस्यमा मनोनित गर्नसक्ने व्यवस्था रहेको छ भने समितिले मन्त्रालयका सचिवको स्वीकृति लिई आवश्यकताअनुसार अधिकतम ३ जनालाई बैठकमा आमन्त्रित सदस्यका रुपमा राख्न सक्नेछ । मन्त्रालयका राजस्व व्यवस्थापन शाखाका राजस्व अधिकृत समितिको सदस्यसचिव रहने व्यवस्था गरिएको छ ।

### राजस्व अध्ययन समितिको कार्यविवरण

पहिलो बैठक बसेकेको मितिबाट ७५ दिन (२ महिना १५ दिन) अध्ययनको अवधि रहेको समितिले अध्ययनको क्रममा बैठक, स्थलगत भ्रमण तथा विभिन्न स्थानमा छलफल कार्यक्रम गर्नेछ । राजस्व अध्ययन समितिले प्रदेशको ३ वर्षको क्षेत्रगत राजश्व संकलनको अवस्था विश्लेषण गर्ने कार्य विवरण रहेको छ भने राजश्वको नयाँ सम्भावित क्षेत्र पहिचान गर्नेछ । विभिन्न चरणको छलफलबाट उक्त कार्य अघि बढाउने मन्त्रालयको तयारी रहेको छ ।

समितिले प्रदेश सरकलाई राजस्व प्रदान गर्ने स्थानीय तहहरुको विवरण तयार गरी अध्ययन गर्ने तथा प्रदेश र स्थानीय तहबिच राजस्व बाँडफाँडमा देखिएको समस्या पहिचान गर्नेछ भने प्रदेश सरकारका मन्त्रालयहरुसँग समन्वय गरी तथा सम्बन्धित सरोकारवलाहरुसँग छलफल/अन्तरक्रिया गरी प्रदेश आर्थिक ऐन, २०८१ ले तोकेको राजस्व संकलनमा कार्यालयलाई परेको समस्याहरु पहिचान गर्नेछ । समितिले राजश्व संकलन तथा बाँडफाँडमा देखिएका समस्या समाधानका उपायहरु सिफारिस गर्नेछ भने प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्नेछ । मन्त्रालयले समितिका पदाधिकारीहरुलाई प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को व्यवस्था अनुसार बैठक भत्ता, बैठक बसेको दिनमा आवश्यकताअनुसार खाजा, खाना खर्च व्यवस्था गरिएको छ । अध्ययनको क्रममा भ्रमण खर्चसमेत प्राप्त गर्ने व्यवस्था गरिएको छ भने आवासीय कार्यक्रम सञ्चालन हुने अवस्थामा खर्च उपलब्ध गराइने व्यवस्था रहेको छ ।

## हेटौँडा उपमहानगरको बजेटमा क्रिकेटलाई लगानी शून्य



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले क्रिकेट खेललाई बेवास्ता गरेको भन्दै क्रिकेटकर्मीहरु रुष्ट बनेका छन् । उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा क्रिकेट खेलका लागि बजेट नै नछुट्याएको र चासो नदिएको भन्दै क्रिकेटकर्मीहरु रुष्ट बनेका हुन् ।

मकवानपुर क्रिकेट संघका सचिव विनोद बानियाँले उपमहानगरपालिकाले अन्य खेलको तुलनामा क्रिकेटलाई कुनै चासो नदिएको बताउनुभयो। उपमहानगर पालिको चालु आर्थिक वर्षमा क्रिकेटका लागि कुनै कार्यक्रम र बजेट विनियोजन नगरेको उहाँले बताउनुभयो। अरु स्थानीय तहहरुमा विभिन्न प्रतियोगितामा सहयोग गर्ने नगरले क्रिकेटमा भने बेवास्ता गरेको उहाँको भनाइ छ ।

नगरले फुटबल, भलिबल, ब्याडमिन्टनलगायतको खेलमा मात्र प्राथमिकता दिएको उहाँले बताउनुभयो । हेटौंडा उपमहानगरपालिकाले गत आर्थिक वर्ष २०८०/८१ मा क्रिकेट प्रतियोगिता सञ्चालन खर्चका लागि भनेर ५ लाख रुपैयाँ विनियोजन गरेकोमा जिल्ला क्रिकेट संघले नगरकप क्रिकेट प्रतियोगिता सञ्चालन गरेको थियो । उपमहानगर पालिकाले यस पटक भने स्पष्टरुपमा क्रिकेटका लागि कुनै बजेट नराखेको तर विविध खेलकुद भनेर ५ लाखमात्र छुट्याएको सचिव बानियाँले बताउनुभयो । उक्त विविध खेलकुद शीर्षकमा राखिएको बजेट अरु खेलहरुले पनि माग गरेमा प्राप्त गर्न सक्नेछन् ।

उपमहानगरपालिकाले हेटौंडा-४, हुप्रचौरस्थित अभ्यासका लागि नेट निर्माण अलपत्र पार्दा समस्या भएको छ । गत आर्थिक वर्षमा नै क्रिकेट अभ्यास नेटको फाउन्डेसनका लागि १० लाख रुपैयाँ उपलब्ध गराएर अस्थायी नेट हटाइएको थियो । तर फाउन्डेसनको निर्माण कार्य सम्पन्न हुन बाँकी छ । चालु आर्थिक वर्षमा यसका लागि बजेट विनियोजन नगर्दा समस्या देखिएको छ ।

सचिव बानियाँले नियमित प्रशिक्षण हुने ठाउँमा यस वर्ष बजेट नै नभएपछि फाउन्डेसन निर्माण कार्य अगाडि बढ्न नसकेको बताउनुभयो । "खेलाडीहरुले पहिला पुरानो नेटमा भएपनि अभ्यास गरि रहेका थिए । अहिले त्यसलाई हटाएपछि पुरानो पनि भएन, नयाँ पनि बनेन", सचिव बानियाँले भन्नुभयो, "निर्माण सम्पन्नका लागि बजेट विनियोजन नभएपछि अलपत्र भएको छ ।" उक्त फाउन्डेसन पूर्णरुपमा निर्माण हुन ३० लाख रुपैयाँ लाग्ने प्राविधिक अनुमान रहेको बानियाँको भनाइ छ ।

मकवानपुर जिल्ला क्रिकेट टिमका कप्तान सुमन सुनारले अहिले खेलाडीहरुले प्रशिक्षण गर्ने नेट नहुँदा समस्या भइरहेको बताउनुभयो । यसअघि हुप्रचौरमा अभ्यास नेट हुँदा सबैजनाले सजिलै अभ्यास गर्न पाउने गरेको भन्दै अहिले नहुँदा समस्या भइरहेको उहाँले बताउनुभयो। "अहिले हामीले हेटौंडा स्कुल अफ म्यानेजमेन्टको निजी नेटभित्र अभ्यास गर्नु परिरहेको छ । हामीलाई कलेजले निःशुल्क अभ्यासका लागि अवसर पनि दिएको छ। तर सबै जना गएर अभ्यास गर्न भने केही कठिन हुन्छ", सुनारले भन्नुभयो। उहाँले क्रिकेट खेललाई विकास गराउने हो भने सरकारले क्रिकेट प्रतियोगिताहरु सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरेले क्रिकेटका लागि ५ लाख बजेट विनियोजन गरेको बताउनुभयो । उक्त बजेटले नगरकप क्रिकेट प्रतियोगिता खेलकुद विकास समितिले गर्ने उहाँले बताउनुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षमा खेलकुदका लागि २ करोड ५ लाख रुपैयाँ बजेट विनियोजन भएको छ। जसमा उपमेयरसँग युवा भन्ने कार्यक्रमअन्तर्गत भलिबल प्रतियोगिता शीर्षकमा ३९ लाख रुपैयाँ र मेयर कप फुटबलका लागि २० लाख बजेट विनियोजन भएको उहाँले बताउनुभयो ।

यस पटक मेयर कपमा बजेट बढेको हो। गत आर्थिक वर्षमा मेयर कप फुटबल प्रतियोगिताका लागि १५ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो । उक्त बजेटले प्रतियोगिता सञ्चालन गर्दा घाटा भएको भन्दै यस आर्थिक वर्षमा ५ लाख रुपैयाँ थप भएको अध्यक्ष घिमिरेले बताउनुभयो। क्रिकेटमा बजेट कम हुनुमा नगर प्रमुख र उपप्रमुखसँग नै सोध्नुपर्ने उहाँले बताउनुभयो। 'खेलका लागि बाँड्ने पैसाको कुरा त हामीलाई हुँदैन, मेयर र उपमेयरको सल्लाहबाटै हुन्छ', अध्यक्ष घिमिरेले भन्नुभयो ।







# शिक्षक, अभिभावक र विद्यार्थीको भूमिका



चन्द्रमणि रिमाल

शिक्षा कुनै एक व्यक्तिको प्रयासबाट मात्र सम्भव हुँदैन; यो सम्पूर्ण प्रक्रिया हो जसमा शिक्षक, अभिभावक, र विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ । यी तीनै पात्रहरूको सक्रिय सहभागिताले मात्र प्रभावकारी सिकाइ सुनिश्चित गर्न सकिन्छ । शिक्षा प्राप्तिको यस यात्रामा हरेकको भूमिका फरक तर अत्यन्तै पर स्परपूरक हुन्छन् ।

### शिक्षकको भूमिका

शिक्षा बालबालिकाको सर्वांगीण विकासका लागि अत्यन्त महत्वपूर्ण हुन्छ, र यस प्रक्रियामा अभिभावकको भूमिका विशेष महत्व राख्छ । बालबालिकाको प्रारम्भिक जीवनदेखि नै अभिभावकले उनीहरूको पहिलो शिक्षकको रूपमा काम गर्छन्, र उनीहरूको व्यवहार, सोचाइ, र मूल्य प्रणालीलाई आकार दिन्छन् । यसैले, अभिभावकको भूमिका बालबालिकाको शैक्षिक र व्यक्तिगत विकासमा आधारभूत हुन्छ ।

शिक्षक शिक्षण प्रक्रियाको केन्द्रमा रहेका मार्गदर्शक हुन् । उनीहरूको मुख्य भूमिका भनेको विद्यार्थीलाई ज्ञान, सीप, र नैतिकता प्रदान गर्नु हो । शिक्षकले विभिन्न शिक्षण विधि प्रयोग गरी जटिल विषयवस्तुहरुलाई सरल तरिकाले बुझाउने प्रयास गर्छन् । उनीहरु कक्षा कोठामा पाठ योजनाहरु तयार पार्छन्, जसले विद्यार्थीको बौद्धिक विकासमा मद्दत पुऱ्याउँछ ।

तर शिक्षकको भूमिका केवल पाठ पढाएर सीमित हुँदैन । शिक्षक विद्यार्थीको व्यक्तिगत र भावनात्मक विकासमा पनि महत्वपूर्ण भूमिका खेल्छन् । उनीहरुले विद्यार्थीलाई समस्या समाधान गर्न सिकाउँछन्, उनीहरुको रुचि र क्षमता अनुसार उनीहरूको मार्गदर्शन गर्छन् । विद्यार्थीमा आत्मविश्वास जगाउने, जिज्ञासा उत्पन्न गर्ने, र जीवनभर सिक्ने चाहना पैदा गर्ने शिक्षकको मुख्य जिम्मेवारी हो ।

### अभिभावकको भूमिका

अभिभावक बालबालिकाको प्रारम्भिक शिक्षक हुन् । बालबालिकाले जीवनका प्रारम्भिक सीपहरु घरमै सिक्छन् । बालबालिकाले बोल्न, हिँड्न, खेल्न, र अरूसँग सम्बन्ध बनाउन अभिभावकबाट नै सिक्छन् । घरमै आधारभूत सीपहरु, जस्तै भाषा, सामाजिक शिष्टाचार, र अनुशासन, अभिभावकले नै सिकाउँछन् । यसले बालबालिकाको मस्तिष्कको प्रारम्भिक विकासमा ठूलो प्रभाव पार्छ र उनीहरूको शैक्षिक यात्रा सुरू गर्न सघाउँछ । त्यसैले अभिभावकको भूमिकाले शैक्षिक प्रणालीलाई बलियो आधार प्रदान गर्छ ।

अभिभावकले आफ्नो बालबालिकाको पढाइमा रुचि देखाउनुपर्छ र उनीहरूलाई समय मिलाएर साथ दिनुपर्छ । बालबालिकाको दिनचर्यालाई व्यवस्थित बनाउनु, अध्ययनका लागि सही वातावरण बनाउनु, र समयमै गृहकार्य गराउन सहयोग गर्नु अभिभावकको जिम्मेवारी हो । त्यस्तै, अभिभावकले शिक्षकसँग समन्वय गरेर बालबालिकाको प्रगति र चुनौतीहरूको जानकारी पनि राख्नुपर्छ । हरेक महिना जस्तो विद्यालयमा गई उनीहरुको प्रगति विवरण बुझ्नु पनि अभिभावकको दायित्व हुन जान्छ ।

बालबालिकाको शैक्षिक सफलतामा अभिभावकको निरन्तर सहयोग आवश्यक छ । अभिभावकले बालबालिकाको विद्यालय शिक्षामा सक्रिय रुपमा रुचि देखाउनुपर्छ । शिक्षकसँग नियमित सम्पर्कमा रहनु, गृहकार्य जाँच गर्नु, बालबालिकाको प्रगति र समस्या बारे जानकारी लिनु, र बालबालिकाको विकासमा योगदान पुऱ्याउन अभिभावकको सक्रिय सहभागिता हुनु पर्दछ ।

बालबालिकालाई अध्ययनका लागि अनुकूल वातावरण प्रदान गर्नु पनि अभिभावकको जिम्मेवारी हो । समय व्यवस्थापन, नियमित अभ्यास, र अध्ययनको महत्वलाई बुझाउन अभिभावकले सघाउनुपर्छ । यसले बालबालिकालाई शैक्षिक यात्रामा अनुशासित र प्रेरित बनाउँछ । बालबालिकाको नैतिक र सामाजिक विकासमा अभिभावकको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । अभिभावकले बालबालिकालाई इमानदारी, सहानुभूति, सहकार्य, र जिम्मेवारी जस्ता मूल्यहरु सिकाउनुपर्छ। यस्ता गुणहरुले बालबालिकालाई मात्र होइन, समाजलाई नै सशक्त बनाउँछ ।

सकारात्मक व्यवहारको उदाहरण प्रस्तुत गर्नु, परिवारको महत्व बुझाउनु, र सामाजिक जिम्मेवारीहरुको बारेमा चेतना दिनु अभिभावकको मुख्य जिम्मेवारी हो । बालबालिकाका लागि अभिभावक नै पहिलो प्रेरक र आदर्श हुन्छन्, जसको अनुकरण उनीहरूले जीवनभर गर्छन् । बालबालिकाको भावनात्मक विकासमा अभिभावकको भूमिकाले निर्णायक भूमिका खेल्छ । बालबालिकाले जीवनमा थुप्रै चुनौतीहरु सामना गर्नुपर्छ, र यस्तो अवस्थामा अभिभावकको समर्थनले ठूलो प्रभाव पार्छ । अभिभावकले आफ्ना बालबालिकासँग कुराकानी गर्न, उनीहरूको भावना सुन्न, र उनीहरूलाई सकारात्मक दृष्टिकोणका साथ समस्या समाधान गर्न प्रेरित गर्नुपर्छ ।

अभिभावकले बालबालिकालाई प्रेम र सुरक्षाको भावना दिनुपर्छ, जसले उनीहरूलाई आत्मविश्वासी र मानसिक रूपमा सशक्त बनाउँछ । जब बालबालिका थकित वा निराश महसुस गर्छन्, अभिभावकको सल्लाह र प्रेरणाले उनीहरुलाई पुनः उर्जा दिन सक्छ । अभिभावक र शिक्षकबीचको सहकार्य बालबालिकाको शिक्षामा महत्वपूर्ण भूमिका खेल्छ । शिक्षकको मार्गदर्शनलाई पालना गर्दै घरमा बालबालिकाको अध्ययनलाई सघाउनु र उनीहरूको समस्याहरूलाई समाधान गर्न सहयोग गर्नु अभिभावकको महत्वपूर्ण जिम्मेवारी हो । यसले बालबालिकालाई एक स्वस्थ र प्रेरणादायी वातावरणमा विकास गर्न मद्दत गर्छ ।

अभिभावकको भूमिका बालबालिकाको जीवनमा अत्यन्तै महत्वपूर्ण र बहुआयामी हुन्छ । शिक्षा, नैतिकता, सामाजिक मूल्यहरु, र भावनात्मक स्थिरता प्रदान गर्न अभिभावकको सक्रिय सहभागिता आवश्यक छ । अभिभावक, शिक्षक र विद्यार्थीबीचको सहकार्यले मात्र बालबालिकाको सम्पूर्ण विकास सम्भव हुन्छ । यसैले, समाजमा सफल र जिम्मेवार नागरिक निर्माण गर्न अभिभावकको भूमिकालाई सधैँ प्राथमिकता दिनुपर्छ ।

### विद्यार्थीको भूमिका

विद्यार्थी भनेको सिकाइ प्रक्रियाको केन्द्रविन्दुमा रहेको पात्र हो । शिक्षक र अभिभावकको मार्गदर्शन अन्तिममा विद्यार्थीको सिक्न चाहना र कडा परिश्रममा निर्भर रहन्छ । विद्यार्थीको प्रमुख जिम्मेवारी भनेको सिक्नका लागि इच्छुक हुनु हो । उनीहरूले आफूले प्राप्त गरेको ज्ञानलाई मनन गर्न र वास्तविक जीवनमा प्रयोग गर्न सिक्नुपर्छ ।


विद्यार्थीको अर्को महत्वपूर्ण भूमिका भनेको जिम्मेवार हुनु हो । उनीहरुले आफ्नो अध्ययन समयलाई उचित व्यवस्थापन गर्न, गृहकार्यलाई समयमै पूरा गर्न, र शिक्षकको निर्देशनलाई पालना गर्न ध्यान दिनुपर्छ । साथै, साथीहरुसँग मिलेर समूहमा काम गर्ने, विचारहरू साट्ने, र सिकाइ प्रक्रियामा सकारात्मक भूमिका खेल्न विद्यार्थीले सक्षम हुनुपर्छ ।

विद्यार्थीको भूमिका समाजमा अत्यन्त महत्वपूर्ण छ । विद्यार्थी समाजको भविष्यका कर्णधार हुन् र उनीहरुको भूमिका केवल आफ्नो अध्ययनमा मात्र सीमित हुँदैन । उनीहरूले शिक्षाको माध्यमबाट ज्ञान हासिल गरेर व्यक्तित्व विकास गर्छन् र समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्दछन् । विद्यार्थीहरूको मुख्य भूमिका अध्ययन गर्नु, ज्ञान प्राप्त गर्नु र अनुशासनमा रहनु हो । साथै, उनीहरूले समाजमा नैतिक मूल्यहरूको प्रसार गर्नु, समाजसेवा गर्नु, र भविष्यमा राम्रो नागरिक बन्ने आधार तयार गर्नुपर्दछ ।


विद्यार्थीहरू देशको विकासका लागि पनि जिम्मेवार हुनुपर्दछ । राम्रो शिक्षा हासिल गरेपछि उनीहरूले समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउन सक्छन्, चाहे त्यो विज्ञान, प्रविधि, व्यापार, प्रशासन वा अरु कुनै पनि क्षेत्रमा होस् । समग्रमा, विद्यार्थीको भूमिका भनेको आत्मविकास गर्नु, समाजमा सेवा पुऱ्याउनु, र भविष्यमा देशको प्रगतिको आधार बन्नु हो ।

शिक्षक, अभिभावक, र विद्यार्थीको भूमिका एकअर्कासँग जोडिएका छन् । शिक्षकले ज्ञान बाँड्छन्, अभिभावकले साथ दिन्छन्, र विद्यार्थीले सिक्छन् । यी सबैको सक्रिय सहभागिताले मात्र शिक्षा प्रभावकारी र जीवनोपयोगी बन्न सक्छ । जब शिक्षक, अभिभावक र विद्यार्थी सबै मिलेर काम गर्छन्, त्यहाँ एक स्वस्थ शैक्षिक वातावरणको निर्माण हुन्छ जसले विद्यार्थीको सम्पूर्ण विकासलाई सुनिश्चित गर्दछ । यसैले, समाजको भविष्य बनाउन यी सबै पात्रहरूको भूमिका अत्यन्तै महत्वपूर्ण र पूरक छ ।

## चित्रकला




यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौंडा-५






प्रशन्न ढकाल
कक्षा-३, नवोदय शिसु सदन
हेटौंडा-४




कृपा रिजाल
कक्षा-९, फेमकोल एकेडेमी, हेटौंडा-१३






दिपासना थापा
कक्षा-१०, जिएस निकेतन
हेटौंडा-५





सोनु हजरा, कक्षा-३
श्री बाल ज्योती मा. वि हेटौंडा -५
पिप्ले





सुयोग श्रेष्ठ
कक्षा-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४

# मेरो प्यारो बाबा



**सिद्धार्थ लामिछाने**

धेरै डराउँछु म लाग्दाखेरी हावा
मलाई अघि बढाउने व्यक्ति हुन मेरो बाबा
धेरै जसो उहाँ काममै व्यस्त हुनुहुन्छ
तर खाली समयमा राम्रो कुरा सिकाउनुहुन्छ

बानी धेरै छन् उहाँको मन पर्ने
उनी अमर व्यक्ति हुन् कहिले नमर्ने
केही नआउँदा मलाई त्यो सिकाउनुहुन्छ
मेरो चित्त दुख्दा आफ्नो मानी चित्त दुखाउनुहुन्छ

खुशी मलाई दिएर दुःख लिनुहुन्छ
मलाई ठूलो मान्छे बनाउन दिनरात खटिनुहुन्छ
म आफू हाँस्दा उहाँ पनि हाँस्दिनु हुन्छ
म आफू रुँदा उहाँ पनि रोइदिनु हुन्छ

सक्छु होला फर्किन तर सक्दिन अंगालो मार्न
हजुरजस्तो मानिस कोही छैन यो संसारमा
हजुरलाई खुशी देख्न पाउँ त्यही हो चाहना
आजको यस औंसीको हजुरलाई धेरै धेरै शुभकामना

*कक्षा-६, बालजागृति इंग्लिस सेकेन्डरी स्कूल*
*हेटौंडा-२*

# दुई मुक्तक



**कृष्ण कुमार वैद्य**

कुसंस्कार बोकि हिँड्ने मान्छे बेफ्वाँक रुनुपर्छ
छोइछाइ बार्ने प्रथा हटाउन दूषित मन धुनुपर्छ
मानिस मानिस बीचमा भेदभाव नहोस् कदापि,
रुढीवादी संस्कार सधैँको लागि अन्त्य हुनुपर्छ ।

बैँस र फक्रेको फूलको उस्ताउस्तै चालामाला
उमेर ढल्यो पोटिलो गाला चाउरी पर्‍यो छाला
त्यसैले भन्छन् जवानीमा बढी चुरीफुरी नगर्नु,
समयमा विचार नपुर्‍याए जोबन नै खेर जाला ।

*बनेपा-९, काभ्रे*

# ऐना जस्तै छ मेरो मन



**बिपासा रुवाली**

ऐना जस्तै छ मेरो मन
जोडिन्न ऐना
एकपटक फुटेपछि
जोडिन् मेरो मन
एक पटक टुटेपछि
कसैले मन बिज्ने
बचन लगाइदिन्छन्
मेरो यो मनलाई
भारी बनाइदिन्छन्

म त भारि हुँदा
दर्किने गर्छन्
आँखाबाट आँशुका ढिका
मान्छेले लगाएका
ती रुखा वचन फेरि फेरि
यो मनमा फर्किने गर्छन्
बन्दी कोठामा एक्लै बसेर
भक्कानेर रुन आउँछ
त्यही कुराले पेट पोल्छ,
मनमा चिसो लाग्छ

म त्यो मान्छेको अगाडि
बस्न रुचाउदिनँ
उसको आसपास
कहिल्यै पनि पर्दिनँ
त्यस व्यक्तिप्रतिको मेरो
दृष्टिकोट बद्लिन्छ
त्यस्ता व्यक्तिहरुबाट
मेरो मन तोडिन्छ

यस्तो हुँदा मेरो मन
टुक्राटुक्रा हुन्छ
मेरो मन एकान्तमा
भित्रभित्रै रुन्छ
अरुले के भयो भनी सोध्दा
केही बोल्न सक्दिनँ
म मेरो लक्ष्यबाट
कदापि पछि हट्दिनँ

ऐना जस्तै फुटेको यो मेरो मन
समालिन गाह्रो हुन्छ झनझन

*कक्षा-८, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# बालगोपाल कृष्ण



**नितिसा ढकाल**

१२ बजे राती जन्मिएर जगत उज्यालो बनाउने
सबैलाई मिठो दुःख दिएर आफु रमाउने ।

प्रेमको अर्थ के हो भनेर कृष्णले बुझाए
नकारात्मक भावलाई उनले फूलले सजाए ।

ग्वालाहरुसँग गाई चराउँदै खेल्ने उनको काम
सारा जगतको मुखमा छ उनै कृष्णको नाम ।

राधिकालाई सुनाउन बाँसुरी बजाएका
कृष्ण कृष्ण नाममा उनले सबैलाई नचाएका ।

*कक्षा-७, रेडरोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६*

# बुवा मेरो प्राण



**रोशनी साह**

बुवा हात समाएर हिँड्न सिकाउनु भयो
आफू भोकै बसी मलाई खुवाउनु भयो

आफ्नो पहिचान मलाई दिनुभयो
मलाई यस दुनियाँमा चिनाउनु भयो

आफ्नो सपनालाई त्यागेर
सपना मेरो पूरा गर्नुभयो

दिनरात आफू मिहेनत गरेर
एक सफल व्यक्ति बन्न मलाई सहयोग गर्नुभयो

सबै दुनियाँका खेलौना हजुरले मलाई दिनुभयो
मेरो जिन्दगी मलाई हजुरले सजाउनुभयो

आकाश भन्दा माथि हजुरको स्थान छ
मेरो जिन्दगीमा हजुरको भूमिका धेरै महान छ

*कक्षा-७, सिद्धार्थ शिशु सदन, हेटौंडा-५*

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि**ः रिस, आवेग र अनियमितताप्रति सचेत भएर व्यवहार गर्ने समय छ । व्यापार-व्यवसायमा लचिलोपन प्रस्तुत गर्दा राम्रो रहन्छ । बोलीमा मिठास र व्यवहारमा नम्रता कायम गर्दा राम्रो रहन्छ । मान्यजनको वचन शिरोधार्य गर्दा राम्रो रहन्छ । धार्मिक तथा साँस्कृतिक कार्यमा सरिक भइनेछ । पढाई मध्यम छ ।

**वृष राशि**ः बौद्धिक क्षेत्र र ज्ञान-गुनमा रमाइएला । आध्यात्मिकता वा रचनात्मक कार्यमा सरिक भइने योग छ । परिश्रमको प्रतिफल प्राप्त हुने छ । रोकिएका कामहरू बन्नेछन् । सभा समारोहमा सहभागी भईएला । परीक्षा र प्रतियोगितामा सफलता मिल्नेछ भने वैदेशिक रोजगारीमा तनाव बढ्ला । पढाइ-लेखाइ मध्यम नै देखिन्छ ।

**मिथुन राशि**ः अभिभावकको सेवामा समय व्यतित होला । कार्यालयमा हाकिमको इच्छानुकूल हिँड्नुपर्ला । घरायसी वारावरणमा सुधार आउला । वादविवादमा अघि नबढेको राम्रो होला । व्यापार-व्यवसाय मध्यम देखिन्छ । आध्यात्मिक र सामाजिक क्षेत्रमा उत्तरदायित्व बढ्ला । अध्ययन अध्यापन ठिकै रहनेछ ।

**कर्कट राशि**ः जिम्मेवारी पूरा गर्ने समय रहेको छ । मिहिनेतको नतिजा लाभप्रद नै रहला । वरिष्ठ कर्मचारीको सहानुभूति र प्रशंसा प्राप्त होला । सामाजिक दायित्व बढ्ने छ । आध्यात्मिक एवम् साँस्कृतिक कार्यमा सरिक भइने समय छ । साथीसंगीसित रमाइलो भेटघाट होला । आत्मसम्मान झल्किने अवसर होला ।

**सिंह राशि**ः मिठो भोजन र नयाँ लगाउने अवसर जुट्ला । आकस्मिक धन लाभ होला । परोपकारी वा गैरलाभकारी विषयमा रुचि बढ्नेछ । मान प्रतिष्ठा कायम राख्न सकिएला । बोलीमा पूर्ण प्रभाव पर्ने छ । दुर्वचन मूल्यहीन रहने छ । धार्मिक कार्य र सामाजिक दायित्वमा मन जाला । अध्ययन अध्यापन ठिकै रहनेछ ।

**कन्या राशि**ः समय मध्यमकारक छ । जोश जाँगर पलाउने तथा मन हलुका हुने समय छ । आत्मनिर्णयको क्षमतामा वृद्धि हुनेछ । नयाँ कामको थालनी होला । व्यवहारिक क्षेत्रमा मन आकर्षित होला । अध्ययनमा प्रगति हुनुका साथै धार्मिक एवम् आध्यात्मिक काममा सरिक भइने समय योग रहेको छ ।

**तुला राशि**ः रोकिएको काम दोहोर्‍याएर सर्दा सम्पन्न होला । घरपरिवारका लागि समय छुट्याउनु पर्ला । विवाद समाधान गर्न रचनात्मक तरिका अपनाउँदा राम्रो हुन्छ । परीबन्ध र बाध्यतामा धन खर्च होला । जिम्मेवारीप्रति हेलचेक्र्याइँ नगर्दा राम्रो । जोखिममा कुनै काम नगर्दा राम्रो रहन्छ । धार्मिक कार्यबाट लाभ प्राप्त हुनेछ ।

**वृश्चिक राशि**ः वरिष्ठ व्यक्तिहरुसँग चिनजान होला । आयश्रोत र लाभको बाटो बलियो देखिन्छ । दाजुभाइको सरसहयोगमा केही समय बिताउनु पर्ला । पारिवारिक आवश्यकतामा खट्नुपर्ने समय छ । आँट र हिम्मतले काम लिन सकिएला । धार्मिक र आध्यात्मिक कामबाट लाभ प्राप्त हुने समय छ । पढाइ लेखाइ ठिकै छ ।


**धनु राशि**ः नाम, दाम, प्रतिष्ठा र पुरस्कार प्राप्त हुनेछ । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ पाउन सकिन्छ । प्रेमजिवन निरस बन्ला । ठूला व्यक्तिको विचारले प्रभावित बनिएला । कर्ममाप्तिको प्रयासमा सफलता प्राप्त हुनेछ । कर्तव्यप्रति सचेत र जिम्मवारी बोध होला । धार्मिक कार्यबाट लाभ प्राप्त हुनेछ ।

**मकर राशि**ः इज्जत र प्रतिष्ठा बढ्ने समय छ । धन, सम्पत्तिमा वृद्धि हुनेछ । समस्या झेल्नुपर्ने समय पनि छ । पदोन्नति वा अवसरको खोजी होला । व्यवहारमा नम्रता हुनु जरुरी छ । व्यापार व्यवसाय मध्यमकारक रहला । वैदेशिक रोजगारीबाट राम्रै लाभ प्राप्त होला । धार्मिक एवम् सामाजिक कार्यमा समय व्यतित हुने योग छ ।

**कुम्भ राशि**ः समय संघर्षकाल नै मान्नुपर्दछ । व्यापार-व्यवसाय मध्यम कारक छ । बन्नै लागेको काम पनि बिग्रन सक्छ । शरीरमा कमजोरी आईपर्ला । कारोबारमा आफै खटेको जाति हुन्छ । कसैलाई पनि आँखा चिम्लेर झट्ट विश्वास नगर्दा राम्रो रहन्छ । आध्यात्मिक कार्यमा सरिक भइनेछ । पढाइ लेखाइ ठिकै छ ।

**मीन राशि**ः मनोरञ्जन र रमझममा रमाईएला । काम गर्न जाँगर चल्नेछ । आत्मियजनसँग भेटघाट होला । परोपकारी र आध्यात्मिक कार्यमा सरिक भइने समय र योग छ । सामाजिक काममा मन जाला । व्यापार व्यवसाय ठिकै छ । प्रेममा प्रगाढ सम्बन्ध होला । पढाइ-लेखाइ ठिकै रहने छ ।

## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# ‘विभेद’

**(लघुकथा)**



**श्यामप्रसाद श्रेष्ठ**

“मलाई तिमीहरु सबैले काजी साहेव भन्नु” भन्ने उर्दी गर्दै उसले गिलासको रक्सी रित्याउँदै फेरि कुरा थप्यो, “ए साहुनी ! याँ अर्को एक बोटल रक्सी ल्याउ !”

“ए काजी ! कति खानु भएको ? नियन्त्रण गर्नु होला”, मास्टर रघुनाथले सम्झाउँदै भन्यो ।

“ए मास्टर ! जा स्कुलका भुराहरुलाई गएर शिक्षा दे ! तैले मलाई शिक्षा दिने होइन, बुझिस !”

साहुनीले एक बोतल रक्सी टेबुलमा राख्दै फर्किन् । साहुनीलाई हेर्दै काजीले भन्यो, “यो साहुनी कति राम्री, कान्छी बनाउनु पर्ला जस्तो छ ।”

साहुनीले फर्कदै जवाफ दिइन्, “हजुरको श्रीमती पनि राम्री छिन् भनेर हिजो केटाहरुले तारिफ गर्दै थियो ।”

“काजी साहेब, ढोग गरें है”, भन्दै गाउँको जुठे दमाई केही आश गर्दै दैलो बाहिर हात जोडदै उभियो ।

मास्टरको सुझावले भन्दा साहुनीको जवाफले काजीको रिसको पारो चढेर गइरहेको थियो । त्यही बेला जुठे देखेर उसको रिसको पारो झन बढ्यो, “ए अछुत जुठे ! तँ यहाँ हामी खान लागेको ठाउँमा किन ? यहाँ छोला, बाहिर जा !”

“माफ पाउँ काजी साहेब, भुल भयो”, भन्दै जुठे डरले भाग्यो ।

मास्टर उठ्दै जंगिदै बोल्यो, “ए काजी ! उ पनि एक मानव तिमी पनि एक मानव । हाम्रो हिन्दु धर्ममा मानवमा कहिँ छुत-अछुत उँच-निच भनी विभेद गरिएको छैन । अनि तिमी यति निर्मम विभेद किन गर्दछौ ? तिमी विभेद नै गर्दछौ भने जातको आधारमा हैन । बोली, आचरण र आहार यी तीन जसले नियन्त्रण गर्न सक्दैन त्यसलाई विभेद गर । तिमी यही तीन नियन्त्रण गर्न नसक्ने जातमा पर्‍यौ । यस कारण आजैदेखि म तिमीलाई विभेद गर्दछु”, भनी मास्टर हिँड्यो ।

*हेटौँडा-६*



## मकवानपुर जिल्ला लिग फुटबल

# शुक्रबार ६ खेल सम्पन्न




*म्यान अफ द म्याचलाई ट्रफी हस्तान्तरण गर्नुहुँदै राष्ट्रिय फुटबल टिमका खेलाडी अञ्जन विष्ट (क्याप लगाउने)।*

**समाज संवाददाता**

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताअन्तर्गत शुक्रबार ६ खेल सम्पन्न भएको छ। हेटौंडा-६ स्थित गौरीटार रंगशाला र हेटौंडा-११ स्थित सिमलटार मैदानमा तीन-तीन गरी ६ खेल सम्पन्न भएको हो।

प्रतियोगिताअन्तर्गत शुक्रबार भएको खेलहरुमा पशुपति युवा क्लब, एफसी पोताला क्लब, सक्षम युवा क्लब, परेली युवा क्लब, न्यु डाँफे र हेटौंडा फुटबल एकेडेमी विजयी भएको छ।

बिहीबार वर्षाका कारणले सञ्चालन हुन नसकेर शुक्रबार बिहान हेटौंडा-११, स्थित सिमलटार मैदानमा भएको खेलमा एफसी चाइना क्वाटरलाई १-० गोलअन्तरले हराउँदै पशुपति युवा क्लब विजयी भएको छ भने हेटौंडा-६, स्थित गौरीटार रंगशालामा भएको खेलमा विजय युथ क्लबलाई ५-३ गोलअन्तरले हराउँदै एफसी पोताला विजयी भएको हो। पशुपतिको जीतमा निश्चल मोक्तानले निर्णायक गोल गरे। म्यान अफ द म्याच निर्णायक गोलकर्ता मोक्तान घोषित भएका छन्। यस्तै एफसी पोतालाको तर्फबाट ऋषि मोक्तानले ४ गोल गरे।

सिमलटार मैदानमै भएको शुक्रबारको दोस्रो खेलमा परेली युवा क्लबले हेटौंडा भेट्रान्सलाई ५-० गोलले हराएको छ भने तेस्रो खेलमा हेटौंडा फुटबल एकेडेमीले महाबीर क्लबलाई १-० गोलअन्तरले हराएको छ। गौरिटार रंगशालामा शुक्रबार भएको दोस्रो खेलमा सक्षम युवा क्लबले एफसी इन्टरनेटलाई २-० ले हराएको छ भने तेस्रो खेलमा न्यु डाँफे युवाले एफसी इन्टरनेट सिटीलाई ५-१ गोलले हराएको छ।

जिल्ला लिग फुटबल अन्तर्गत आज शनिबार दिउँसो गौरिटार रंगशालामा पहिलो खेल पदमपोखरी युथ क्लब र सानोपोखरा बीच हुनेछ भने दोस्रो खेलमा ७ नम्बर फुटबल क्लब र एफसी मल्टिभिजनबीच खेल हुनेछ। यस्तै सिमलटार खेलमैदानमा आज शनिबार दिउँसो पहिलो खेल रियल स्टार युवा क्लब र गोरखा ब्वाइज बीच हुनेछ भने दोस्रो खेलमा न्यू कम्बाइन क्लब र एफसी नामटारबीच खेल हुनेछ।

जिल्ला लिग प्रतियोगितामा २८ क्लबहरुको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ। प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ।

# अरिङ्गालले चिल्दा घिसिङको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः धादिङ जिल्लाको थाक्रे गाउँपालिका-४ स्थित थकममा अरिङ्गालले चिल्दा एक पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा सिन्धुली मरिण गाउँपालिका-४ घर भई हाल थाक्रे-२ स्थित समानटारमा डेरा गरी बस्ने ३१ वर्षीय सोमलाल घिसिङ रहेका छन्।

थकमस्थित स्थानीय जङ्गलमा अरिङ्गाल पोल्न गएको अवस्थामा अरिङ्गालले चिल्दा घिसिङ गम्भीर घाइते भएका थिए। घाइते घिसिङको बिहिबार बिहान ११ बजेर ५० मिनेटको समयमा काठमाडौंस्थित वीर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

# अवैध चिनी र प्याज बरामद

**समाज संवाददाता**

हेटौंडाः बरा प्रहरीले करिब ३ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ। बिहीबार ५ बजेर २० मिनेटको समयमा अवैध चिनी र प्याज बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको सादा पोसाकका र प्रहरी चौकी मटिअर्वाबाट खटिएको संयुक्त प्रहरी टोलीले बाराको कलैया उपमहानगरपालिका-१२ बस्ने खेडु मियाको घरमा छापा मार्दा २ लाख ६९ हजार ५ सय रुपैयाँ बराबरको अवैध सामान नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ। मियाको घरबाट ८४ हजार रुपैयाँ बराबरको २४ बोरा चिनी र १ लाख ८५ हजार ५ सय रुपैयाँ बराबरको ५३ बोरा प्याज नियन्त्रणमा लिएर आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाएको प्रहरीले जानकारी दिएको छ।

# हेटौंडामा जिल्लास्तरीय भेट्रान्स भलिबल प्रतियोगिता हुँदै

**समाज संवाददाता**

हेटौंडाः हेटौंडामा पहिलो संस्करणको जिल्लास्तरीय पुरुष भेट्रान्स भलिबल प्रतियोगिता हुनेभएको छ। केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान मकवानपुरको आयोजनामा तथा छहारी सेवा समाजको सह-आयोजनामा आगामी असोज ३ गतेदेखि ५ गतेसम्म प्रतियोगिता हुने भएको हो।

हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा हुने प्रतियोगिता लिगकम नकआउट प्रणालीमा सञ्चालन हुने मकवानपुर जिल्ला भलिबल संघको कोषाध्यक्ष शंकर कार्कीले जानकारी दिनुभएको छ। प्रतियोगितामा मकवानपुर जिल्ला खेलकुद विकास समिति र जिल्ला भलिबल संघको सहकार्यमा हुने कोषाध्यक्ष कार्कीले बताउनुभयो। १ वर्ष पहिलेदेखि मकवानपुर जिल्लालाई कर्मथलो बनाई सेवा गर्दै आइरहनु भएका बाहिरी जिल्लाका नेपाल आर्मी, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा कार्यरतहरू बाहेकका शिक्षक तथा अन्य कर्मचारीहरूले भलिबल प्रतियोगितामा सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो। खेलाडीहरुलाई भलिबल खेलप्रतिको रुचि बढाउन, खेलको महत्वबारेमा बुझाउन र एक अर्काबीच भातृत्व कायम गराउन र राष्ट्रियस्तरमा पुऱ्याउनका लागि आयोजना गर्न लागेको प्रतियोगितामा करिब १२ वटा टिमको सहभागिता रहने आयोजकको अनुमान छ।

प्रतियोगिताको खेलतालिक असोज २ गतेसम्म सार्वजनिक गरिने बताइएको छ। प्रतियोगिता आयोजनाका लागि करिब १ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ। प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै विधागत उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कार प्रदान गरिने बताइएको छ।

# ढुङ्गा खस्दा २ जना घाइते

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरबाट काठमाडौं जोड्ने छोटो दुरीको कान्तिलोकपथ सडकखण्डमा बाटो माथिबाट ढुङ्गा खस्दा मोटरसाइकलमा सवार दुई जना घाइते भएका छन्। शुक्रबार बिहान ९ बजेर ३० मिनेटको समयमा भीमफेदी-८, च्यासुर खोलास्थित उक्त सडकखण्डमा माथि भीरबाट ढुङ्गा खस्दा दुई जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो।

हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा ६५ प ४२६३ नम्बरको मोटसाइकललाई ढुङ्गा खसेर लाग्दा मोटरसाइकल चालक बारा जिल्लाको कलैया उपमहानगर पालिका-८ का ४२ वर्षीय मन्सुर मियाँ अन्सारी र सोही ठाउँका ३२ वर्षीय नरेन्द्र माली घाइते भएका छन्। चालक अन्सारीको ढाड, दाहिने खुट्टामा चोट लागेको र मालीको दाहिने खुट्टामा चोट लागेको प्रहरीले जनाएको छ। उनीहरु सवार मोटर साइकल सडकबाट ३० फिट तल भीरमा अड्किएको थियो। घटनास्थलमा इलाका प्रहरी कार्यालय ठिंगनबाट प्रहरी टोली खटिएर घाइते दुवै जनालाई उद्दार गरी उपचारका लागि ठिंगन स्वास्थ्य चौकीमा पठाइएको जनाएको छ।

# म्याजिकको ठक्करबाट एक जनाको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-११ स्थित राप्तीपुलमा म्याजिक गाडीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा थानाभऱ्याङका २६ वर्षीय श्रीराम परियार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो।

शुक्रबार साँझ ५ बजेर १० मिनेटको समयमा पूर्व-पश्चिम सडकखण्डअन्तर्गत राप्तीपुलमा नवलपुरबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना १५ प ४१५७ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट जाँदै गरेको बागमती प्रदेश ०३-००१ ज ०२५७ नम्बरको म्याजिकले ठक्कर दिँदा मोटरसाइकल चालक परियार गम्भीर घाइते भएका थिए। टाउको र खुट्टामा चोट लागेर गम्भीर घाइते भएका परियारलाई उपचारको लागि हेटौंडा अस्पताल ल्याइएकोमा डाक्टरले ७ बजेर ५० मिनेटको समयमा मृत घोषणा गरेको हो। प्रहरीले म्याजिक चालकलाई नियन्त्रणमा लिएको छ। शव हेटौंडा अस्पतालमा रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# तीज विशेष नृत्य प्रतियोगिता

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकास्थित महेन्द्र मावि र झरना साहित्यिक परिवारको संयुक्त आयोजनामा छतिवनमा तीजविशेष साँस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। विद्यालयका प्राथमिक तह तथा माध्यमिक तहका विद्यार्थीबीच छुट्टाछुट्टै नृत्य प्रतियोगिता भएको थियो।

बिहिबार भएको प्रतियोगितामा रीतिका माझीको समूह प्रथम, आराध्या बस्नेतको समूह द्वितीय र सोविक्षा थिङको समूह तृतीय भएको थियो। यसैगरी माध्यमिक तहतर्फ सलिना भोम्जनको समूह प्रथम, रेसु जिम्बाको समूह द्वितीय र सुविना श्रेष्ठको समूह तृतीय भएको थियो। विजेताहरुले नगद तथा स्टेसनरी पुरस्कारका रुपमा पाएका छन्। बकैया-५ की वडाध्यक्ष लक्ष्मी जिम्बा, बकैया-४ का कार्यवाहक वडाध्यक्ष विजय भोलन, कार्यपालिका सदस्य लक्ष्मी माझी, विव्यस अध्यक्ष परशुराम गौतम, प्रायोजक चन्द्रकुमार राई, पूर्व प्रधानाध्यापक नारायण चापागाईं, झरना साहित्यिक परिवारका सचिव मसान उपासकलगायतले बोलेका थिए। झरना साहित्यिक परिवारकी उपाध्यक्ष गायत्री रुपाखेतीको अध्यक्षता तथा झरना साहित्यिक परिवारका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारीको प्रमुख आतिथ्य रहेको थियो।

## नारायणी यातायात व्यवसायी संघको

**अत्यन्त जरुरी सूचना**

(मिति २०८१/०५/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित भईसकेको)

यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने भनी नेपाल सरकार, मन्त्री परिषद्ले मिति २०७५/०१/०४ गते निर्णय गरेपश्चात यस संघको नियमित रुपमा हुनुपर्ने अधिवेशन अवरुद्ध भई आएकोमा सोही मन्त्री परिषद्को निर्णयका विरुद्धमा यस संघ समेत सदस्य रहेको नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८०/१२/२० गते रिट जारी हुने भनी फैसला गरेको हुँदा निकट भविष्यमा नै यस संघको ३६ औं वार्षिक साधारणसभा र १६ औं अधिवेशन हुन गइरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै, यस संघका सदस्य महानुभावहरुले संघको विधान मुताविक २०८१ असोज मसान्तभित्रमा आफ्नो सदस्यता नवीकरण गरी मतदाता परिचयपत्र लिनुहुन समेत यस संघको मिति २०८१/०५/०९ गतेको कार्यसमितिको निर्णय बमोजिम जानकारी गराईन्छ।

**सरोज कुमार खनाल, महासचिव**

**नारायणी यातायात व्यवसायी संघ**

**मुख्य कार्यालय, हेटौंडा, फोन नं. ०५७-५२०६७०**

**सूचना !! सूचना !! सूचना !!!**

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आईतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ।

**देहायः**

१. E.H.S ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजे देखि ६:०० बजे सम्म।
३. E.H.S ओ.पि.डी मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसूति रोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नशा तथा हाडजोर्नी रोग ओ.पि.डी.
- अन्य
• भिडीयो X-ray सेवा
• प्याथोलोजी सेवा

४. E.H.S ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन।

**पुनश्चः** सार्वजनिक बिदाको दिनहरुमा E.H.S ओ.पि.डी. सेवा संचालन हुने छैन।

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**हेटौंडा, मकवानपुर**

**Admission Open !!!**

+2



Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

**हेटौंडा- सिटि कलेज (जेनिथ मावि)**

हेटौंडा-५, पिप्ले




**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ